# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

### प्रेस-नोट

१४ असार, २०७८

### आयोगद्वारा स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरुसँग छलफल

नेपाल सरकारले सञ्चालन गरेको कोभिड-१९ विरुद्धको खोपमा नागरिकको पहुँचको अवस्था, खोप कार्यक्रमको प्रगति तथा समग्रमा यसको रोकथाम तयारी र चुनौती सम्बन्धमा जानकारी लिने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले स्वास्थ्य मन्त्रालय तथा विभागका उच्च पदस्थ अधिकारीहरुसँग आज आयोगमा छलफल गरेको छ ।

छलफलको क्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्र रमण सिंहले कोभिड-१९ को दोश्रो लहर विश्वभरी नै तीव्र रुपमा फैलिरहेको र यसले मानिसको स्वास्थ्यमा जटिल समस्या ल्याइरहेको तथा नेपालमा हालसम्म पनि उच्च दरमा संक्रमण फैलिरहेको परिस्थितिमा पर्याप्त खोप नहुँदा जोखिमको अवस्था कायमै रहेको बताउनुभयो । साथै, उहाँले खोप आयातको लागि कुटनीतिक प्रयास जारी रहेकोले एक हप्तामा सहजता आउने बताउँदै ७२ प्रतिशत नागरिकलाई खोप दिने लक्ष्य राखिएको जानकारी गराउनुभयो ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीले हालको तथ्याङ्क हेर्दा प्रदेश नं. १, २ र वाग्मती प्रदेशमा अझै पनि जोखिम कायमै रहेको र हाल १३,६९,००० जना नागरिकहरु खोपको दोस्रो मात्रा पर्खेर बसिरहेको बताउनुभयो भयो । स्वास्थ्यकर्मी, सरसफाईकर्मी एम्बुलेन्स चालक, सेवा प्रदायक संस्थाका कर्मचारीहरु, वृद्धाश्रम, अनाथालय, कैदीबन्दीलाई पहिलो प्रथमिकता, ६० वर्ष उमेर माथिकालाई दोश्रो र १५ देखि ५४ वर्ष सम्मकालाई तेश्रो प्राथमिकतामा राखिएको छलफलको क्रममा जानकारी गराइएको थियो । स्वास्थ्य सेवा विभागका डा. झलक गौतमले खोपको उपलब्धता र प्राथमिकता बारे जानकारी गराउनुभयो । डा. तारानाथ पोखरेलले स्वास्थ्य सामग्री बिक्री वितरणमा कालो बजारी भएका विवरणहरु प्राप्त भएको र यस सम्बन्धमा समिति गठन गरी अनुसन्धान भइरहेको तथा WHO को मापदण्डका आधारमा नै कार्ययोजना बनाई खोप वितरण गरिरहेको बताउनुभयो ।

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले पहिलो खोप लगाएका नागरिकहरुलाई दोस्रो खोपको व्यवस्था मिलाउन, अग्रपंक्तिमा रहेर कार्य गर्नेहरुलाई खोपमा प्राथमिकता दिन र सबै नागरिकहरुलाई खोप लगाउने कुराको सुनिश्चिता गर्न निर्देशन दिनुभयो ।आयोगका माननीय सदस्यहरुले महासंकटको घडीमा स्वास्थ्यकर्मीहरुको योगदान प्रशंसनीय रहेको भए पनि खोपको विभेदपूर्ण वितरणको विषय गम्भीर रहेको बताउँदै खोपको दोस्रो मात्रा राजनीतिक पहुँच हुनेले मात्र प्राप्त गरेको, कोभिडका बिरामीहरुलाई कतिपय निजी अस्पतालहरुले बढी शुल्क लिने गरेको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

छलफलमा आयोगका सचिव तथा अन्य कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

.................................

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org